नेपाल सरकार
गृह मन्त्रालय
## राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

**SitRep**
**#८९**

२ असोज २०७७

| २०७७ बैशाख १ देखि असोज १ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २७१ | ६५ | २०६ | ३९ | ३६ | ११ | ६४ | ० | २०३ | **३७४** | **१०१** | **४२०** |
| **२०७७ जेठ ३० मनसुन सुरु भएदेखि असोज १ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २६९ | ६५ | २०५ | ३६ | ३५ | ९ | ३४ | ० | ८४ | **३३९** | **१००** | **२९८** |
| **२०७७ असोज १ देखि २ गते विहान १० बजेसम्म मृत्यु भएकाहरुको विस्तृत विवरण** | | | | | | | | | | | |
| पहिरो | | | सर्पदंश | | | जंगली भालु आक्रमण | | | कुल जम्मा | | |
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | ० | **१** | १ | ० | **१** | ० | १ | **१** | २ | १ | **३** |

# दैनिक विपद् बुलेटिन

१ असोज विहान१०:००बजेदेखि २ असोज बिहान१०:००बजेसम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरी **६** स्थानमा **आगलागी, २** स्थानमा **भुकम्प, २** स्थानमा **जंगली जनावरको आक्रमण, १** स्थानमा **बाढी, १** स्थानमा **सर्पदंश**का घटनाका उजुरी परेका छन् । यी घटनामा परेर **३** जनाको **मृत्यु, ८** जना **घाईते,** भएका छन् । यी घटनाबाट **१६ लाख २७ हजार रुपैंया** बराबरको धनमाल क्षति भएको छ ।

| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| ३ | ० | १२ | ८ | १६,२७,००० | ० | ३ |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का १२ वटा घट्ना भएका छन् ।
- **सिन्धुपाल्चोकको** थप बिवरण मिति २०७७।५।२८ गते बाह्रबिसे नगरपालिका वडा नं 7 स्थित नाकपुजे, बि.क टोल र नेवार टोलमा गएको **पहिरोमा परी** बेपत्ता भएका मध्ये १० महिनाकी **एक बालिकाको शव** असोज १ गते **फेला** । **हालसम्म १६ जनाको मृत्यु, १५ जना बेपत्ता, ८ जना घाईते र ३० घर क्षति ।** जुगल गाउँपालिका वडा नं २ बैकुण्ठेकी बर्ष १९ कि **१ किशोरी** मिति २०७७।०५।३१ गते विहान **भुकम्प** जाँदा एक्कासी आफु बसेको घरको एक तलाबाट हाम फाल्दा **घाईते** ।
- **बर्दिया**को गुलरिया नगरपालिका वडा नं १ गाँउ नं.१६ की वर्ष २० कि **१ महिला** भारतको जंगल गई साग टिपी फर्केर घरमा आई एक्कासी बेहोस भई बर्दिया अस्पताल लगिएकोमा उपचारको क्रममा **मृत्यु** । **सर्पले टोकेको** भनि उपचारमा संलग्न चिकित्सकबाट बुझिएको ।

## घट्ना सारांश...

- सोलुखुम्बुको माहाकुलुङ गाउँपालिका वडा नं ३ छेस्कामस्थित जङ्गलमा मालिङ्गो काट्न भनी गएकोमा **जङ्गली भालुले आक्रमण** गर्दा **५ जना घाईते** भई उपचारको लागि छेस्काम स्वास्थ्य चौकी तर्फ ल्याउने क्रममा बर्ष ३६ को **१ जना पुरुषको बाटोमै मृत्यु ।**
- **बारा**को जितपुर सिमरा उपमहानगरपालिका वडा नं २२ स्थित अमलेखगन्जमा रहेको एस.एल.आर.ट्रान्सपोर्ट कम्पनीको भान्सा घरमा खाना पकाउने क्रममा ग्यास लिक भई **आगलागी** हुँदा **२ जना सामान्य घाईते ।**
- **पाल्पा**को रम्भा गाउँपालिका वडा नं १ करौदीखोला स्थित बर्ष ५२ को **१ पुरुषलाई** बाख्रा चराउन गएको अबस्थामा अचानक **जंगली चितुवाले आक्रमण गर्दा घाईते ।**
- **कास्की**को पोखरा महानगरपालिका वडा नं २१ निर्मल पोखरीस्थित एक कुखुरा फर्ममा **बाढी** पस्दा फर्ममा रहेको ३०० वटा कुखुराको मृत्यु ।
- **धनकुटा**को शहिदभुमि गाउँपालिका वडा नं ७ साप्तिङटारस्थित एक घरमा मिति २०७७।०५।३१ गते गएको **भुकम्प**को कारण पछाडि रहेको माटोको ढिस्को झरि घरको पछाडिको गाह्रो चर्किई **३ लाख रुपैंया** बराबरको क्षति ।
- **सुनसरी**को ईटहरी उपमहानगरपालिका वडा नं १७ मझौरास्थित एक घरमा बालेको घुरबाट अचानक **आगलागी** हुँदा घरको टाटि बेरा, काठ जली **६० हजार रुपैंया** बराबरको क्षति । गढी गाउँपालिका वडा नं ६ सत्तेर झोडास्थित एक गोठ घरमा अचानक चुलोबाट आगो सल्किन गई **आगलागी** हुँदा गोरु १, गाईको बाछो-१ को मृत्यु भई गोरु गाढा १, लत्ताकपडा, अन्नपात समेत गरी **५ लाख रुपैंया** बराबरको क्षति ।
- **धनुषा**को जनकपुर उपमहानगरपालिका वडा नं १४ रजौल दुर्गा मन्दिर नजिक एक घुम्ती पसलमा अचानक **आगलागी** हुँदा पसलभित्र रहेको आलु, प्याज, बेसन, तेल, ध्यु, ग्याँस सिलिन्डर, चुल्हा, फ्रिज कटघेरा जली **१ लाख २७ हजार रुपैंया** बरावरको क्षति ।
- **काठमाडौं**को काठमाडौं महानगरपालिका वडा नं ७ चाबहिलस्थित के.एल. टावरको चौथो तल्लामा संचालित एक शैलुन पसलमा अचानक बिधुत सर्ट भई **आगलागी** हुँदा शैलुनमा सामान्य क्षति ।
- **रौतहट**को कटहरिया नगरपालिका वडा नं ४ टोलापुरस्थित एक गोठमा अचानक **आगलागी** हुँदा १ वटा भैंसीको पाडोको मृत्यु भई **१ लाख रुपैंया** बराबरको क्षति ।


## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट भुकम्प, आगलागी र जंगली जनावरको आक्रमणमा परी घाईते भएकाको उद्धार गरी नजिकैको स्वास्थ्य उपचार केन्द्रमा पुर्याइएको, स्थानीयको सहयोगमा आगलागी नियन्त्रणमा लिइएको ।

## वर्षाको सारांश

असोज ०१ गते बिहान ०८:४५ बजे देखि असोज ०२ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०६/०२ गते बिहान ०८:४५ बजे १९५ वटा वर्षा मापन केन्द्रहरु(मानब संचालितः ७१ र स्वचालितः १२४) मा मापन गरिएको वर्षाको विवरण अनुसार ११६ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १) । उक्त केन्द्रहरु मध्ये सबैभन्दा बढी वर्षा (१४९मि. मी.) मकवानपुर जिल्लाको मकवानपुरगढी केन्द्रमा मापन गरिएको छ । वर्षा मापन भएका केन्द्रहरु मध्ये ३ वटा केन्द्रमा १०० मि. मी. भन्दा बढी, ९ वटा केन्द्रमा ५० मि. मी. भन्दा बढी, २४ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढी र ५१ वटा केन्द्रमा १० मि. मी. भन्दा बढी वर्षा मापन भएको छ ।




चित्र १: दैनिक वर्षा(छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि www.dhm.gov.np/climate/मा हेर्नुहोस।**

## बाढी पूर्वानुमान

<u>असोज-०२ (शुक्रबार) (विहान ७ बजे देखि २४ घण्टा)</u>

- आज कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव बढ्नेतथा सवैमा बहाव सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ।आज नारायणी जलाधारमा तुलनात्मक रूपमा बढ्ने तथा पूर्वी राप्ती लगायत यसका केही स-साना सहायक नदीमा बहाब बढ्ने र केहीमा आकस्मिक बहाब हुन सक्ने पूर्वानुमान छ ।
- आज पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाब सामान्य घटबढ हुने, कन्काई, कमला, बागमती र यसका सहायक नदीमा बहाब बढ्दो हुने तथा सबैमा सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।कन्काई, कमला, बागमती र यसका केही स-साना सहायक नदीमा बहाब बढ्ने र केहीमा आकस्मिक बहाब हुन सक्ने पूर्वानुमान छ ।
- आज प्रदेश १ को ईलाम, झापा, मोरङ, सुनसरी, उदयपुर, संखुवासभा, प्रदेश २ को बारा, पर्सा, रौतहट, सर्लाही, सप्तरी, बागमती प्रदेशको सिन्धुली, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, नुवाकोट, काठमाडौँ उपत्यका, मकवानपुर, धादिङ, चितवन, गण्डकी प्रदेशको गोरखा, लमजुङ, कास्की, तनहुँ, पर्बत, म्याग्दी, बागलुङ, स्याङ्जा, नवलपुर, प्रदेश ५ को परासी, गुल्मी, अर्घाखाँची, कपिलबस्तु, दाङ, बाँके, रोल्पा, बर्दिया, कर्णाली प्रदेशको सल्यान, सुर्खेत, सुदूरपश्चिमको कैलाली, कञ्चनपुर, डडेलधुरा र आसपास जिल्ला भई बहने केही स-साना नदी जलाधारमा क्षणिक मध्यम बर्षा भई बहाब केही बढ्ने र केहीमा आकस्मिक बहाब( Flash Flood) हुन सक्ने पूर्वानुमान छ ।

<u>नोट:</u> पहेलो रङले मध्यम जोखिम रहेको संकेत गर्छ । रातो रङले उच्च जोखिमको संकेत गर्छ ।

थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटः http://hydrology.gov.np/